# श्री सिंहदेवी गौमति सामुदायिक वन उपभोक्ता समूह,

मिक्लाजुङ्ग गा.पा.-५ जाँते गुप्ती,मोरङ्ग। (पान नं.६०१८१९००५)

**बिषय :- गोलिया काठ ,दाउरा शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना।**

**प्रथम पटक सूचना प्रकाशन मिति :-२०७५/१०/११**

(बुद्धिमान श्रेष्ठ)

यस समुहले नियमानुसार संकलन गरि समुहको कार्यालय कम्पाउण्डमा घाटगद्धी गरेका निम्न जात,थान,परिमाणको गोलिया काठ,दाउरा यस समूहको कार्यसमितिको निर्णय अनुसार समुहवाट माँग भई डिभिजन वन कार्यालय मोरंगको मिति २०७५/१०/१० को पत्रवाट समूह बाहिर बिक्रि बितरण गर्न सहमति भए बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी बोलपत्र प्रकृयावाट लिलाम बिक्री गर्नु पर्ने भएकोले समूहको बैठकवाट कायम भएको न्यूनतम मूल्यलाई आधारमानी यो सूचना प्रकाशित गरिएको छ। काठ सम्बन्धि कारोवार गर्ने इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना नागरिक राष्ट्रिय दैनिक पत्रिका मा मिति २०७५/१०/११ मा प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिनको कार्यालय समय सम्म बोलपत्र खरिद गरि २२ औं दिनको दिउँसो १ :०० बजे सम्म शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना आव्हान गरिएको छ। साथै बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्नगएमा सोको भोली पल्ट मान्य हुने ब्यहोरा समेत जानकारीको लागी अनुरोध छ।

तपसिल :

(१) **वन पैदावारको विवरण :- संलग्न लगत तालिका बमोजिमको लट नं.१/०७४-७५ र २/०७३-७४ को काठ,दाउरा।**

(२) **बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय :-**

(क) अन्तिम मिति :- २०७५/११/०२

(ख) समय : कार्यालय समाय सम्म।

(ग) खरिद गर्ने स्थान :-

- प्रदेश वन निर्देशनालय,बिराटनगर।
- जिल्ला प्रशासन कार्यालय,मोरङ।
- डिभिजन वन कार्यालय,मोरंग।
- सिंहदेवी गौमति सा.व.उ.स.को कार्यालय मिक्लाजुङ गा.पा.-५ गुप्ती, मोरङ।

(३) **बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति, समय र दाखिला गर्ने स्थान :-**

(क) अन्तिम मिति : - २०७५/११/०३

(ख) समय दिउँसो १:०० बजे सम्म।

(ग) दाखिला गर्ने स्थान :-

- प्रदेश वन निर्देशनालय,बिराटनगर
- डिभिजन वन कार्यालय,मोरंग
- सिंहदेवी गौमति सा.व.उ.स.को कार्यालय मिक्लाजुङ गा.पा.-५ गुप्ती, मोरङ।

(४) बोलपत्र बुँदा नं.२ मा उल्लेखित स्थानवाट सूचना प्रकाशित भएको मिति,समय भित्र खरिद गरी सूचना प्रकाशित भएको मिति देखि बुँदा नं.३ मा उल्लेखित स्थानमा तोकिएको मिति,समय सम्म भित्र दाखिला गर्नु पर्ने छ।

(५) बोलपत्र साथ कवोल गरेको रकमको १०% प्रतिशतले हुन आउने रकम धरौटी बापत सामुदायिक वन उपभोक्ता समुहको उर्लावारी स्थित रा.वा.बैंकमा रहेको च.हि.नं.२६०००१६१७०१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारन्टी समावेश हुनु पर्नेछ।

(६) प्रत्येक लट्टै पिच्छेको बोलपत्र फारम नियमानुसार रु.१०००।-पछि फिर्ता नहुने गरी तिरी बुँदा नं.२ मा उल्लेखित कार्यालयबाट खरिद गर्न सकिनेछ र सो को लागि बोलपत्र फारम खरिद बापत लाग्ने रकम सम्वन्धित सा.ब.उ.स.को खातामा दाखिला गरेको बैंक भौचर/नगदी रसिद साथै राखेर पेश गर्नुपर्ने छ।

(७) लिलाम बढाबढ हुने वन पैदावार सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

(८) लिलाममा भाग लिने काठ संबन्धि कारोबार गर्ने ईजाजत प्राप्त ईच्छुक कम्पनी वा फर्मका प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN)दर्ता प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र खरिद गर्दा निवेदनसाथ र बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

(९) निर्धारित गरिएको न्यूनतम संख्याका रीतपूर्वक तोकिएको कार्यालयमा दर्त्ता भएका बोलपत्र संकलन गरि सम्वन्धित सा.व.उ.समुहको कार्यालयमा मिति २०७५/११/०४ मा दिउँसो १२:३० बजे बिभिन्न कार्यालय तथा संघ,संस्थाको साथै व्यवसायी प्रतिनिधीहरुको रोहवरमा खोलिने छ।

(१०) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम समूहमा दाखिला गर्नुपर्ने छ र सो म्याद भित्र सकारकर्ताबाट रकम दाखिला नभएमा निजको धरौटी जफत गरी दोश्रो सकारकर्तालाई निर्देशिका बमोजिम मौका दिइनेछ तथा डि.व.का.वाट लिलाम बिकी समर्थन भए पश्चात् नियमानुसारको १३% मूल्य अभिबृद्धि कर समेत नेपाल सरकारको सम्वन्धित खातामा वुझाई लिलाम बिकीमा चढाएको वन पैदावार बाँकी प्रकृया पुरागरि तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

(११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ।

(१२) बोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु समुहको निर्णय अनुसार हुनेछ।

(१३) समुहवाट स्वीकृत बोलपत्र सामुदायिक वनको काठ,दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका तथा आर्थिक कार्यविधी बमोजिम भएको/नभएको हेरी लिलाम समर्थन गर्ने अन्तिम निर्णय डिभिजन बन कार्यालय मोरङको हुनेछ।

(१४) संकलन खर्च समुहले कायम गरेको न्यूनतम मूल्यमा नै समावेश गरिएको छ।

## श्री सिंहदेवी गौमति सामुदायिक वन उपभोक्ता समूह,

मिक्लाजुङ्ग गा.पा. -५ गुप्ती, मोरङ ।

### लट अनुसार काठ,दाउराको संक्षिप्त लगत तालिका :-

सुचना मिति :- २०७५/१०/११

| लट नं. | जात | ग्रेड | गोलिया थान | परिमाण क्यू.फी./ चट्टा | न्यूनतम मोल संकलन खर्च सहित रु/Cft./चट्टा | जम्मा न्यूनतम मोल रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १/०७४-७५ | साल | A | ४ | ९१.४५ | १७०५ | १५५९२२.२५ | |
| | | B | ३ | ४९.१४ | ११०५ | ५४२९९.७ | |
| | | C | २३ | ११८.३७ | ७०५ | ८३४५०.८५ | |
| | कर्मा | B | २३ | २९०.४३ | ५०५ | १४६६६७.१५ | |
| | साज | B | १८ | १३८.०२ | ५०५ | ६९७००.१ | |
| | टुनी | B | ४ | २४.५१ | ५०५ | १२३७७.५५ | |
| | बो.ध. | – | १७ | १०८.७८ | ३२५ | ३५३५३.५ | |
| | जम्मा | | ९२ | ८२०.७० | – | ५५७७७१.१० | |
| | साल जातको दाउरा २०×५×५' साईजको चट्टा | | | १.०० | ३५००० | ३५००० | |
| | अन्य जातको दाउरा २०×५×५' साईजको चट्टा | | | १.०० | २५००० | २५००० | |
| | जम्मा | | | २.०० | – | ६००००.०० | |
| | काठ र दाउराको कुल जम्मा | | | | | ६१७७७१.१० | |
| २/०७३-७४ | साल | A | ७ | १३५.१२ | १७०५ | २३०३७९.६ | |
| | | B | ५ | ५८.८५ | ११०५ | ६५०२९.२५ | |
| | | C | ९ | ३४.५२ | ७०५ | २४३३६.६ | |
| | कर्मा | A | ७ | १४५.९१ | ७०५ | १०२८६६.५५ | |
| | | B | २६ | १७९.९३ | ५०५ | ९०८६४.६५ | |
| | बो.ध. | – | १२ | ५१.१३ | ३२५ | १६६१७.२५ | |
| | मैना | – | ३ | २७.२४ | २७५ | ७४९१ | |
| | जामुन | B | ३ | १२.६५ | ५०५ | ६३८८.२५ | |
| | छतिवन | – | ८ | ६६.०४ | २७५ | १८१६१ | |
| | जम्मा | | ८० | ७११.३९ | – | ५६२१३४.१५ | |

ईति सम्वत २०७५ साल माघ महिना ११ गते रोज ०६ मा शुभम्----------------

( बुद्धिमान श्रेष्ठ )

अध्यक्ष

अध्यक्ष
बुद्धिमान श्रेष्ठ